# सिस्ने गाँउ पालिकाको विनियोजन ऐन, २०७७

## सिस्ने गाँउपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७७/०३/२६

प्रस्तावना :

सिस्ने गाँउ पालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागी सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोन गर्न वान्छनिय भएकोले,

नेपालको संबिधान को धारा २२९ को उप (२) बमोजिम सिस्ने गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :- यस ऐनको नाम सिस्ने गाँउपालिकाको विनियोजन ऐन, २०७७ रहेको छ । यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त अनुसुची १ मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च, र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५२६९३३५००।- (अक्षररुपी बाउन्न करोड उन्सहत्तर लाख तेत्तीस हजार पाँच सय रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. बिनियोजन : (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७७/०७८ को निमित्त सिस्ने गाउँपालिकाका वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा ( १) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका , वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिने आएमा कार्यपालिकाले बचत हुने शिर्षकको रकम जम्मा रकमको १०% प्रतिशत मान नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पूँजीगत खर्च र वित्तीय व्यवस्थापनको बिनियोजन रकम भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाह्य अन्य चालु

खर्च शिर्षकतर्फ सार्न र बितिय व्यवस्थापन अन्तरगत सावाँ भुक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुंजीगत खर्च र बित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १०% प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ ।

अनुसूची - १

(दफा २ सग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ८९१५० | ४४९०० | ० | १३४०५० |
| २ | | वडा समिति तथा कार्यक्रम/योजनातर्फ (प्रदेश शशर्त। समपुरक) | ३२३०३.५ | १३३८८० | ० | १६६१८३.५ |
| ३ | | विषयगत शाखा (विशेष अनुदान- संघ/ प्रदेश) शशर्त-संघ) | १९००३६ | ३६६६४ | ० | २२६७०० |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | जम्मा | ३११४८९.५ | २१५४४४ | | ५२६९३३.५ |